बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड :०२ संख्या : ०२ प्रकाशित मिति

## भाग-०१

## विनयोजन ऐन

गाउँसभाबाट स्वीकृत मितिः २०७५/०३/२४

**प्रस्तावना :**

बैजनाथ गाउँपालिका, बाँकेको आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बैजनाथ गाउँपालिका, बाँकेको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) **यस ऐनको नाम "बैजनाथ गाउँपालिका, बाँकेको विनियोजन ऐन, २०७५" रहेको छ ।**

(२) **यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।**

२. **आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) **आर्थिक वर्ष २०७५/०७६को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५०,७३,७६,०००.०० (अक्षेरूपी रूपैयाँ पचास करोड त्रिहत्तर लाख छयत्तर हजार ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।**

३ . **विनियोजन :**

(१) **यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६को निमित्त बैजनाथ गाउँपालिका, बाँकेको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।**

(२) **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा र कम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च**

जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची १**

**आय तथा व्ययको प्रक्षेपण**

**आर्थिक वर्ष : २०७५/७६**

**रकम रू. हजारमा**

| शीर्षक | आर्थिक वर्ष २०७३/७४ को यथार्थ | आर्थिक वर्ष २०७४/७५ को संशोधित अनुमान | आर्थिक वर्ष २०७५/७६ को अनुमान |
|---|---|---|---|
| राजस्व | | ८८,२४ | ४५,७३,७६ |
| आन्तरिक श्रोत | | ८८,२४ | ७,३०,०० |
| ११३११ व्यक्तिगत सम्पतीमा लाग्ने बार्षिक कर | | | ५० |
| ११३१२ संस्थागत सम्पतीमा लाग्ने बार्षिक कर | | | ४० |
| ११३१३ एकीकृत सम्पति कर | | | ८५,०० |
| ११३१४ भुमिकर/मालपोत | | २८,१३ | १,०० |
| ११३२१ घरवहाल कर | | १० | १,०० |
| ११३२२ वहाल विटौरी कर | | ११,१४ | ३०,०० |
| ११३५१ वितीय तथा पूँजीगत कारोवारमा लाग्ने कर | | १,३९ | २,०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धिकर | | | ४०,०० |
| ११४४२ स्वास्थ्य सेवा कर | | | २० |
| ११४४३ शिक्षा सेवा शुल्क- शैक्षिक संस्था | | ८७ | २,०० |
| ११४५१ सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर ) | | | ५० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | १,५० |
| ११४७१ सिनेमा/डकुमेन्ट्री | | | १,०० |
| ११४७२ विज्ञापन कर | | | ५० |
| ११४७३ अन्य मनोरञ्जन कर | | | ४० |
| ११६१३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | | २९ | २,०० |
| ११६१४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | | | ४० |
| ११६२१ चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | | | २० |

| | | | |
|---|---|---|---|
| ११६३१ कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | | ४० |
| ११६९१ अन्य कर | | ४६,३० | ६१,०० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | १०,६३,८० |
| १४१७९ अन्य बाँडफाँड हुने राजस्व [राजस्व बाँडफाँड – संघीय सरकार] | | | ९,९३,४६ |
| १४१७८ सवारी साधन कर [राजस्व बाँडफाँड – प्रदेश सरकार ] | | | ७०,३४ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ३२,७९,९६ |
| संघीय सरकार | | | ३१,३६,०० |
| १३३११ समानिकरण अनुदान | | | १५,१४,०० |
| १३३१२ शसर्त अनुदान | | | १६,२२,०० |
| प्रदेश सरकार | | | १,४३,९६ |
| १३३११ समानिकरण अनुदान | | | ४७,९६ |
| १३३१२ शसर्त अनुदान | | | ९६,०० |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | ० |
| अन्य आय | | | |
| जनसहभागिता | | | |
| | | | |
| व्यय | | | ५०,७३,७६ |
| चालु खर्च | | | २९,०७,६७ |
| २११०० पारिश्रमिक / सुविधा | | | १३,४८,२९ |
| २२१०० सेवा महसुल | | | ५०,०० |
| २२२०० पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च | | | १,०३,०० |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | | | ९२,७२ |
| २२४०० सेवा तथा परामर्श खर्च | | | १,०६,७३ |
| २२५०० कार्यक्रम सम्वन्धी खर्चहरू | | | ८,९६,०० |
| २२६०० अनुगमन,मूल्यांकन र भ्रमण खर्च | | | ५७,०८ |
| २२७०० विविध खर्च | | | ६५,१६ |
| २५१०० सार्वजनिक संस्थानहरूलाई सहायता | | | ३,२५ |

| | | | |
|---|---|---|---|
| २५३०० अन्य सहायता | | ०८ | ७४,०० |
| २६३०० अन्य तहका सरकारहरूलाई अनुदान | | | १९,३४ |
| २७१०० सामाजिक सुरक्षा | | | २३,४० |
| २७२०० सामाजिक सहायता | | | ४,१९ |
| २७३०० कर्मचारी सामाजिक लाभ सम्बन्धि खर्च | | | ६,०० |
| २८१०० सम्पत्ति सम्वन्धी खर्च | | | १५,०० |
| २८९०० भैपरी आउने चालु खर्च | | | ४३,४८ |
| पूंजीगत खर्च | | | २१,६६,०८ |
| ३१११२ भवन निर्माण | | | १,६१,८५ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | | | २,३० |
| ३१११५ फर्निचर तथा फिक्चर्स | | | ५,०० |
| ३११२१ सवारी साधन | | | २५,०० |
| ३११२२ मेशिनरी तथा औजार | | | १२,९९ |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | | | ४४,३९ |
| ३११५१ सडक तथा पूल निर्माण | | | ३,५१,३१ |
| ३११५४ तटबन्ध तथा बाँध निर्माण | | | ३५,१७ |
| ३११५५ सिंचाई संरचना निर्माण | | | १६,८० |
| ३११५६ खानेपानी संरचना निर्माण | | | १,०० |
| ३११५७ वन तथा वातावरण संरक्षण | | | ३,१८ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | | | १४,०४,०६ |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | | | १८,०० |
| ३१५११ भैपरी आउने पूँजीगत | | | ८४,९८ |
| **बजेट बचत** (+)/**न्यून** (-) | | ८८,२४ | ५,००,०० |
| **गत वर्षको नगद मौज्दात** | | | ५,००,०० |

अज्ञाले

विरेन्द्र बहादुर माझी

प्रमुख प्रशासकीय अधिकृत